# तामाङ कर्मचारी सञ्जालको

# पूँजी कोष स्थापना तथा सञ्चालन

## प्रस्तावना पत्र - २०७९

असोज, २०७९

# तामाङ कर्मचारी सञ्जाल

# कार्य समिति

दर्ता नं. ६५२-०७३/०७४, स्थायी लेखा नं. ६०५८२१८६८

**Website: www.tamangemployee.com**

**Email: tamang.ten2073@gmail.com**

# विषय - सूची


१. पृष्ठभूमि

२. तामाङ कर्मचारी सञ्जालको परिचय

३. तामाङ कर्मचारी सञ्जालको लक्ष्य

४. तामाङ कर्मचारी सञ्जालको उद्देश्यहरु

५. तामाङ कर्मचारी सञ्जालको रणनीतिहरु

६. विगतका प्रयास

७. वर्तमान अवस्था

८. समस्या तथा चुनौतिहरु

९. पूँजी कोषको आवश्यक्ता

१०. पूँजी कोषको महत्व

११. पूँजी कोषको स्थापना तथा सञ्चालनका उद्देश्यहरु

१२. पूँजी कोषको स्थापना तथा सञ्चालन कार्यविधि

१३. पूँजी कोष अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरु

१४. कार्यक्रम सञ्चालनका लागि जनशक्ति व्यवस्थापन

१५. पूँजी कोषको अनुमानित लागत

१६. पूँजी कोषको अपेक्षित उपलब्धि

१७. पूँजी कोषको सुरक्षा

१८. सम्भावित स्रोत

# तामाङ कर्मचारी सञ्जालको पूँजी कोष स्थापना तथा सञ्चालन सम्बन्धी प्रस्तावना - २०७९

## १. पृष्ठभूमी

हामी (तामाङ जाति)लाई तात्कालिक शासकहरुले शिक्षा लगायत राज्यबाट प्रवाह हुने सबै प्रकारको सेवामा वञ्चित गरी जातको आधारमा शासन सञ्चालन गरेर विभेद गरेको हुँदा राज्य सञ्चालनको सबै क्षेत्रमा तामाङ समुदाय पछि पारेको र परेको तितो यथार्थ सबैलाई स्पष्ट नै छ । तात्कालिन शासकहरुले राज्य सञ्चालन गर्ने क्रममा विभेद र उत्पीडनको गरेको स्वीकार गरी उक्त विभेदको अन्त्य गरेर आर्थिक समानता, समृध्दि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गर्दै समतामूलक समाजको निर्माण गर्न राज्य सञ्चालनमा सबै जातिको सहभागिता सुनिश्चित गर्ने कुरालाई संविधानमा नै उल्लेख गरिएको छ । उल्लिखित तथ्यलाई आत्मसात गर्दै राज्यको मूलधारमा ल्याउन सबलिकरण, क्षमता विकास एवं सचेतनामूलक कार्यक्रम मार्फत तामाङ जातिका युवा समुदायलाई राष्ट्र सेवाप्रति आकृष्ट एवं सक्षम बनाई राज्यको सबै प्रशासनिक तहमा पहुँच सुनिश्चितता गरी सन्तुलित एवं समतामूलक समाजको निर्माण गर्नुपर्ने राज्य र हामी सबै जाति/समुदायको महत्वपूर्ण दायित्व हो । राज्यको तर्फबाट कुनै पनि प्रभावकारी क्षमता विकास तथा सबलिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न चासो नदिएको र आरक्षणको लागि छुट्टाएको सिटमा समेत अपेक्षित रुपमा लाभ उठाउन नसकेको अवस्थामा राज्यको प्रशासनिक क्षेत्रमा हाम्रो सहभागिता बढाउन हामीले लोकसेवा आयोगद्धारा लिइने अधिकृत तथा सहायकस्तरको परीक्षाको लागि अभिमुखिकरण तथा तयारी कक्षा लगायत क्षमता विकास र प्रवर्द्धनात्मक कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । तयारी कक्षा, प्रवर्द्धनात्मक कार्यक्रमहरुले हाम्रो समुदायलाई सरकारी सेवामा प्रवेश गर्न प्रेरणा जगाउने र समुदायका शिक्षित युवाहरुलाई उचित टेवा पुर्‍याई राज्यको प्रशासनिक क्षेत्रमा समुदायको सहभागिता बढाउन योगदान दिनेछ ।

## २. तामाङ कर्मचारी सञ्जालको संक्षिप्त परिचय

तामाङ जातिका युवालाई राष्ट्र सेवाप्रति आकृष्ट एवं सक्षम बनाई राज्यको सबै प्रशासनिक तहमा पहुँच अभिवृद्धि गर्नुका साथै कार्यरत तामाङ कर्मचारीहरु बीच सहकार्य एवं समन्वय गरी उच्च मनोबलका साथ सेवामा समर्पित गराउने वातावरण सृजना गर्न एकत्रित सञ्जालको अपरिहार्यता महशुस गरी गठन गरिएको तामाङ कर्मचारी सञ्जाल समस्त तामाङ समुदाय र तामाङ राष्ट्र सेवक कर्मचारीहरुको साझा एवं कल्याणकारी सामाजिक संस्था हो । सरकारी सेवामा तामाङ समुदायको प्रवेशको लहरसँगै मिति २०७२ साल भदौ १३ गते श्री रुद्र सिंह तामाङ (सहसचिव, नेपाल सरकार), श्री अस्मान तामाङ (सहसचिव, प्रमुख जिल्ला अधिकारी), श्री हेमराज तामाङ (सहसचिव, नेपाल सरकार), डा. श्री लोक बहादुर लोप्चन (उपसचिव, नेपाल सरकार), श्री दिल कुमार तामाङ (उपसचिव, प्रमुख जिल्ला अधिकारी) लगायतको पहल एवं अग्रसरतामा विभिन्न क्षेत्रमा कार्यरत तामाङ कर्मचारीहरुको भेला मार्फत प्रस्तावित संस्थाको विधान तयारी संस्था दर्ता गर्न

९ सदस्यीय तदर्थ समितिको गठन गरिएको भए तापनि उक्त समितिका पदाधिकारीहरु मध्ये केहीको उपत्यका बाहिर सरुवा र अन्यको कार्यजिम्मेवारी एवं व्यस्तता आदि कारणहरुले गर्दा साविकमा रहेको तदर्थ समितिको पुनर्गठन गर्ने उद्देश्यले मिति २०७३ साल आश्विन ०८ गते पुन: भेलाको आयोजना गरी उक्त भेलाबाट नेपाल सरकारका कर अधिकृत श्री टेकराज स्याङतानले अध्यक्षता गर्ने गरी पुनर्गठन गरिएको थियो।

त्यसरी पुनर्गठन भएको समितिले प्रस्तवित तामाङ कर्मचारी सञ्जालको विधान तयार गरी मिति २०७३ साल फागुन १७ गते संस्था दर्ता गर्ने कार्य गरिसकेको छ । उक्त कार्य समितिमा रहेका कर्मचारीहरुको सरुवा, कार्यरत कार्यालयको व्यस्त कार्य प्रकृति एवं जिम्मेवारी, प्रचार प्रसारको कमीका साथै पछिल्लो समयमा देखिएको कोरोना महामारीको लहर आदि कारणबाट संस्थाले अपेक्षित प्रगति गरेको जस्तो नदेखिए पनि संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता (जिल्ला प्रशासन कार्यालय काठमाडौं), प्यानमा दर्ता, महानगरपालिकामा दर्ता तथा नवीकरण र तामाङ राष्ट्र सेवक कर्मचारीहरुको डाटा वेस (एक्सल शिट), कर्मचारी दर्ता (अनलाईन गुगल सिट) तयारी, नियमित लेभी संकलन, वेवसाइट तथा फेसबुक पेज निर्माण र सञ्चालन, भाइबर समूह निर्माण गरी अन्तरक्रिया/छलफल गर्ने लगायतका उल्लेख्य कार्यहरु भैसकेको छन् भने निःशुल्क लोकसेवा अभिमुखिकरण तथा तयारी कक्षा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा रहेको छ ।

## ३. तामाङ कर्मचारी सञ्जालको लक्ष्य

समुदायको चौतर्फी विकासका लागि सार्वजनिक प्रशासनमा हुने उपस्थितिको महत्वपूर्ण भूमिका हुने हुँदा हाम्रो समुदायका युवाहरुलाई सार्वजनिक प्रशासन (विशेष गरी निजामती सेवा) मा प्रवेश गराई समुदायको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको विकास गर्ने ।

## ४. तामाङ कर्मचारी सञ्जालको उद्देश्यहरु

प्रचलित नेपाल कानून र सञ्जालको विधानमा रही सञ्जालको उद्देश्यहरु देहाय बमोजिम रहेको छः-

**क.** राज्यका निकायहरुमा तामाङ युवाहरुलाई सहभागी हुन प्रेरित गर्नु,

**ख.** निजामती तथा अन्य सरकारी सेवामा तामाङ युवाहरुको सहभागिता बढाउन पहल गर्नु,

**ग.** सबै सरकारी सेवामा प्रवेश गर्न सक्ने क्षमता अभिवृद्धि गर्न तालिम तथा प्रशिक्षण सञ्चालन गर्नु,

**घ.** कार्यरत तामाङ कर्मचारीहरुलाई सार्वजनिक प्रशासनको नेतृत्व तहमा पुऱ्याउन क्षमता विकास गर्नु,

**ङ.** तामाङ कर्मचारीहरुबीच सहकार्य एवं समन्वय गरी उच्च मनोबलकासाथ सेवामा समर्पित रहन हौसला अभिवृध्दि गर्नु,

**च.** तामाङ कर्मचारीहरुलाई सेवा सञ्चालन तथा प्रवाहमा भएको असहजता निराकरणका लागि आवश्यक सहयोग तथा सुझाव उपलब्ध गराउनु आदि ।

## ५. तामाङ कर्मचारी सञ्जालले उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु

माथि प्रस्तुत उद्देश्यहरु प्राप्त गर्नका लागि देहाय बमोजिमका कार्यहरु गर्नेछन् :-

**क.** विद्यालय तथा विश्वविद्यालय अध्ययनरत विद्यार्थीहरुलाई निजामती तथा अन्य सरकारी सेवा प्रवेशका लागि अवस्था अनुसार भौतिक र भर्चुअल निःशुल्क लोकसेवा अभिमुखिकरण तथा तयारी कक्षा सञ्चालन गर्ने,

**ख.** लोकसेवा परीक्षा तयारी गरिरहेको विद्यार्थीहरुलाई आवश्यकता अनुसार लेखन सीप सम्बन्धी प्रयोगात्मक कार्यशाला सञ्चालन गरिने,

**ग.** लिखित परीक्षामा नाम निकालिएको विद्यार्थीहरुलाई अन्तर्वार्ताको तयारी कक्षा सञ्चालन गरिने,

**घ.** हालको लागि काठमाडौंमा तयारी कक्षाहरु सञ्चालन गर्ने र भविष्यमा समुदायको सघन बसोवास भएको क्षेत्रसम्म क्रमशः विस्तार गर्दै लैजाने,

**ङ.** विभिन्न सरकारी तथा गैरसरकारी छात्रवृत्ति सुविधा सम्बन्धमा सूचना प्रवाह गरिने,

**च.** प्राविधिक तथा सुरक्षा निकाय (सेना, प्रहरी)को विभिन्न तहहरुको तयारी कक्षा तयारी कक्षा सञ्चालन सम्भाव्यता अध्ययन गर्ने,

**छ.** सेवामा रहेका तामाङ कर्मचारीहरुलाई शाखा अधिकृत, उपसचिव तथा सहसचिव तयारी कक्षा सञ्चालन सम्बन्धमा गृहकार्य गर्ने,

**ज.** आगामी दिनमा सामुदायिक सबलीकरण तथा सचेतना कार्यक्रम अन्तर्गत तीनै तहका सरकारहरुसँग समन्वय र सहकार्य गरी साझेदारी मोडलमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने, (स्वास्थ्य, शिक्षा, वित्तीय साक्षरता लगायत)

**झ.** Policy dialogue सम्वन्धि कार्यक्रम सञ्चालन गर्ने,

**ञ.** बधाई तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने।

**ट.** सरकारी सेवामा रहेका उच्च तहका अधिकृतहरुबाट हरेक महिना समसामयिक विषयमा भर्चुअल विधिबाट तामाङ कर्मचारीहरुलाई असल अभ्यास र अनुभवहरुको आदान-प्रदान गर्ने व्यवस्था मिलाउने,

**ठ.** सरकारी सेवामा कार्यरत तामाङ कर्मचारीहरुलाई उच्च मनोबलका साथ सेवामा समर्पित रहन र हौसला अभिवृद्धि गर्न अन्तरक्रिया, पृष्ठपोषण एवं असल अभ्यास र नवप्रवर्तनहरुको बारेमा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्ने,

**ड.** कर्मचारीहरुबीच सुमधुर सम्बन्ध कायम राख्न बर्षको उपयुक्त समयमा कम्तीमा एकपटक तोकिएको स्थानमा वनभोज कार्यक्रम आयोजना गर्ने आदि ।

**ढ.** कर्मचारीहरुको ज्ञान, सीप, धारणा, अनुभवहरुको संरक्षण र प्रयोगको लागि तामाङ कर्मचारी सञ्जालको एकीकृत वेवसाइट तयारी,

**ण.** तामाङ कर्मचारीहरुबीच स्वस्थ्य प्रतिस्पर्धाको वातावरण तयार एवं नेतृत्व विकास गर्न हरेक तीन महिनामा तोकिए अनुरुप भौतिक एवं भर्चुअल विधिबाट प्रतिस्पर्धात्मक कार्यक्रम,

## ६. विगतका प्रयास

मिति २०७३ साल आश्विन ०८ गतेको दोश्रो भेलाबाट पुनर्गठन भएको तदर्थ कार्य समितिमा रहेका कर्मचारीहरुको सरुवा, कार्यरत कार्यालयको व्यस्त कार्य प्रकृति एवं जिम्मेवारी, प्रचार-प्रसारको कमीका साथै पछिल्लो समयमा देखिएको कोरोना महामारीको लहर आदि कारणबाट संस्थाले अपेक्षित प्रगति गर्न सकेन । यद्यपि, तामाङ कर्मचारी सञ्जालको विधान तयार गरी संस्था दर्ता ऐन, २०३४ बमोजिम मिति २०७३ साल फागुन १७ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा संस्था दर्ता भयो, ज्यादै महत्वपूर्ण उपलब्धि थियो । आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर तथा काठमाडौं महानगरपालिकाको वडा कार्यालयबाट गैर-नाफामूलक संस्था दर्ताको प्रमाण-पत्र लिने कार्य भयो । साथै, तामाङ राष्ट्र सेवक कर्मचारीहरुको डाटा वेस (एक्सल शिट), कर्मचारी दर्ता (अनलाईन गुगल सिट) तयारी, नियमित लेभी संकलन, वेवसाइट तथा फेसबुक पेज निर्माण र सञ्चालन, भाइबर समूह निर्माण आदि उल्लेख्य कार्यहरु भएका छन् ।

## ७. वर्तमान अवस्था

जनसंख्याको आधारमा देशको पाँचौं ठूलो समुदाय (५.८१%) को रुपमा रहेको भए पनि निजामती किताबखानाबाट प्राप्त २०७९ वैशाख सम्मको विवरण अनुसार निजामती सेवाको (शा.अ. देखि विशिष्ट श्रेणीसम्म) जम्मा कर्मचारीहरु जम्मा १०९ (एक सय नौ) जना रहेका छन् । राष्ट्र सेवक तामाङ कर्मचारीहरु राज्यको नेतृत्व तहमा अति नै कम देखिन्छन् । संघीयताको कार्यान्वयनसंगै राजनीतिक तहमा विशेष गरी स्थानीय तहमा तामाङ राजनीतिक नेतृत्वले जग बसालेको अवस्था छ । यद्यपि, कर्मचारीतन्त्रमा अवस्था निराशाजनकनै छ । विशेषत: निजामती प्रशासनमा तामाङ कर्मचारीहरुको पहुँच बढाउन सकिरहेको देखिंदैन । राष्ट्रसेवक तामाङ कर्मचारीहरुबीच समेत पर्याप्त समन्वय र सम्बन्ध कायम गर्न सकेको छैन । उच्च सरकारी छात्रवृत्ति, क्षमता विकास तालिम, लोकसेवा तयारीमा सहभागिता, पहुँच र प्रतिनिधित्वको अवस्था दयनीय छ । तामाङ स्रष्टाहरु र Think Tank हरु पनि एकबद्ध हुन सकेको छैन । उल्लिखित बौद्धिक वर्गको एकीकृत उर्जा र स्रोतको समुदायको क्षमता विकासमा उपयोग गर्न नसकेको अवस्था विद्यमान छ ।

सार्वजनिक प्रशासनमा हाल कार्यरत तामाङ समुदायका विशिष्ट श्रेणीसम्मका पदाधिकारी तथा कर्मचारीहरु देहाय बमोजिम रहेका छन्:-

| **पद** | **संख्या** | **कैफियत** |
|---|---|---|
| सर्वोच्च अदालत न्यायाधीश | १ | |
| संवैधानिक निकाय | १ | भाषा आयोग सदस्य |
| विशिष्ट श्रेणी, सचिव | १ | सेवा निवृत्त |
| प्रथम श्रेणी, सहसचिव | ३ | १ जना प्र.जि.अ. |
| विशिष्ट श्रेणी, नेपाल प्रहरी | १ | सेवा निवृत्त |
| प्रथम श्रेणी, नेपाल प्रहरी | १ | बहालवाला |
| द्वितीय श्रेणी, उपसचिव | ९ | १ जना प्र.जि.अ. |
| द्वितीय श्रेणी, नेपाल प्रहरी | ३ | |
| शाखा अधिकृत | ९८ | प्राविधिक र अप्राविधिक |
| **जम्मा** | | |

## ८. समस्या तथा चुनौतिहरु

नेपालको कर्मचारीतन्त्रमा तामाङ समुदायको उपस्थिति र पहुँच सम्बद्ध समस्या तथा चुनौतिहरु देहाय बमोजिम रहेका छन्:-

- **क.** राज्यको महत्वपूर्ण निकायहरुमा हाम्रो कमजोर उपस्थिति र राज्यको विभेदकारी नीति,
- **ख.** कर्मचारी प्रशासन, राष्ट्र सेवा र सार्वजनिक प्रशासन सम्बन्धी सचेतनाको कमी,
- **ग.** राज्य र शासन प्रणालीको महत्व र आवश्यक्ता बारेमा जानकारीको कमी,
- **घ.** सरकारी सेवामा प्रवेश गर्ने माध्यम वा तरिकाबारे अनविज्ञता तथा सूचनामा पहुँचको कमी,
- **ङ.** आर्थिक तथा सामाजिक अवस्थाका साथै कमजोर चेतनाको स्तरका कारण विद्यालय भर्नादर न्यून हुनु,
- **च.** तुलानात्मक रुपमा सरकारी सेवामा प्रवेश गर्ने योग्यता नपुऱ्याई बीचैमा अध्ययन छोड्ने परिपाटी,
- **छ.** पूर्व कर्मचारीहरु, परिवारको सदस्य र अग्रजहरुको उत्प्रेरक भूमिकाको कमी,
- **ज.** व्यक्तिमा स्वःउत्प्रेरणा, लगनशीलता, प्रतिबद्धता र निरन्तरताको कमी,
- **झ.** खोज, अध्ययन, अध्यापनको महत्वबारे बुझाइको कमी,
- **ञ.** सरकारी सेवाभन्दा परम्परागत पेशालाई महत्व दिने प्रवृत्ति,
- **ट.** साथी सङ्गत, पारिवारिक पृष्ठभूमि र सामाजिकीकरण आदि ।

## ९. पूँजी कोषको आवश्यक्ता

तामाङ कर्मचारी सञ्जालले विधानबमोजिम सदस्यहरु तथा पदाधिकारीहरुबाट नियमित सदस्यता शुल्क उठाउँदै आइरहेको छ । तामाङ समुदायको राज्यको विभिन्न निकायमा सार्थक सहभागिता र पहुँच बढाउनका लागि युवाहरुलाई सरकारी सेवामा प्रवेश गराउन लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ । अतः सञ्जालले प्रस्तावित पूँजी कोषको स्थापना तथा सञ्चालन गर्न तपसिलका कारणहरु आवश्यक ठानेको छ ।

- **क.** स्वीकृत नीति तथा कार्यक्रम बमोजिम सरकारी सेवामा योग्य तामाङ युवाहरुलाई प्रवेश गराउन लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्न आवश्यक स्थायी, दिगो र भरपर्दो श्रोत जुटाउनु पर्ने भएकोले,
- **ख.** सेवामा रहेका कर्मचारीहरुलाई माथिल्लो पद र तह(नीति निर्माण)मा पुऱ्याउन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक स्रोत तयारी गर्नुपर्ने भएकोले,
- **ग.** समग्र तामाङ समुदायको उत्थान र विकाससम्बद्ध कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनका लागि आइपर्ने वित्तीय अभाव न्यून गर्नुपर्ने भएकोले,

## १०. पूँजी कोषको महत्व

प्रस्तावित कोषको महत्वलाई देहायबमोजिम बुँदागत रुपमा प्रस्तुत गरिएको छः-

- **क.** राज्यको शासन प्रणालीमा समुदायको संलग्नता वृध्दिको आधार तय गर्न र आत्मविश्वासमा बढोत्तरी ल्याउन,
- **ख.** शिक्षा, सचेतना र सशक्तीकरण कार्यक्रम सञ्चालनलाई सहज तुलाउन,
- **ग.** लोक सेवा आयोगले लिने परीक्षा तयारीका लागि कक्षाहरु सञ्चालनका निम्ति आर्थिक अभाव हुन नदिन,
- **घ.** प्रस्तावित कार्यक्रमहरुको सूचना आदानप्रदान, बहस पैरवी तथा प्रचारप्रसारका स्रोत सुनिश्चित गर्न,
- **ङ.** समुदायमा सूचना जानकारीको सहज पहुँच पुऱ्याउन,
- **च.** सेवा निवृत्त राष्ट्र सेवक कर्मचारीहरुको ज्ञान, सीप, अनुभवहरुको उपयोग गर्न समन्वय, सहकार्य गर्ने कार्यमा स्रोत जुटाउन,
- **छ.** सञ्जाललाई दीर्घकालीन रुपमा आवश्यक पर्ने स्रोतको परिपूर्ति गर्न, आदि ।

## ११. पूँजी कोषको स्थापना तथा सञ्चालनका उद्देश्यहरु

सञ्जालले स्थापना तथा सञ्चालन गर्ने प्रस्तावित पूँजी कोषका उद्देश्यहरु तपसिल बमोजिम रहेका छन्

**क.** राज्यको विभिन्न सरकारी सेवाहरुको विभिन्न पद, तह र श्रेणीहरुमा तामाङ समुदायको सहभागिता र पहुँच बढाउनु,

**ख.** सेवाभित्र रहेका राष्ट्र सेवक तामाङ कर्मचारीहरुको वृत्ति विकासमा सहयोग पुऱ्याउनु,

**ग.** बहालवाला र सेवा निवृत्त तामाङ कर्मचारीहरुको विज्ञता प्रयोग गर्नु,

**घ.** तामाङ समुदायको सशक्तीकरणमा जोड दिनु,

**ङ.** समग्र तामाङ समुदायको शैक्षिक, राजनीतिक लगायतका क्षेत्रको उत्थान र विकासमा सहयोग पुऱ्याउनु,

**च.** संघीय संरचना बमोजिम प्रदेश र स्थानीय तहमा राष्ट्र सेवक तामाङ कर्मचारीहरुको वृत्ति विकासमा सहयोग पुऱ्याउनु,

## १२. पूँजी कोषको स्थापना तथा सञ्चालन कार्यविधि

यो कोष स्थापनाको लागि सञ्जालले सर्वप्रथम तामाङ समुदायको उत्थानका लागि सकृय रहेका संघ तथा संस्थाका प्रमुख व्यक्तिहरुसँग अन्तर्क्रिया गर्नेछ । स्रोत जुटाउन व्यक्ति तथा संस्थागत दाताहरु समक्ष अनुरोध गरिनेछ । सहयोगी दाताहरुको स्पष्ट विवरण सञ्जालले तयारी गरी उहाँहरुलाई समय समयमा सम्मान गर्नेछ । रु. ५० हजार वा सो भन्दा बढी रकम सहयोग गर्ने सहयोगदाताहरुलाई सञ्जालले विशेष कार्यक्रम आयोजना गरी सम्मान गर्नेछ । रु. १० हजार वा सोभन्दा बढी रकम सहयोग प्रदान गर्नुहुने दाताहरुलाई प्रमाणपत्र प्रदान गरिनेछ । सम्पूर्ण दाताहरुको अद्यावधिक विवरण सञ्जालको वेवसाइटमा प्रकाशित गरिनेछ ।

दाताहरुको सहयोगबाट प्राप्त रकम सञ्जालले खोलेको नेपालको "क" वर्गको वाणिज्य बैंक खातामा मुद्दती निक्षेपमा एकमुष्ठ जम्मा गरिनेछ । जम्मा गरिएको रकमबाट वार्षिक रुपमा प्राप्त हुने ब्याज रकमबाट सञ्जालको कार्यसमितिको वैठकबाट स्वीकृत गरी आफ्नो नियमित तथा आकस्मिक कार्यक्रमहरु सञ्चालन गर्नेछ । कोषबाट भएका खर्चहरुलाई कार्यसमितिको वैठकबाट पारित गरी वार्षिक विवरण सहितको आर्थिक प्रतिवेदन सञ्जालको साधारण सभाबाट अनुमोदन गर्नुका साथै सम्पन्न लेखापरीक्षणको प्रतिवेदनको सारांश वेवसाइटमा प्रकाशन गरिनेछ ।

यस पूँजी कोषमा न्यूनतम रु. १ करोड रुपैया रकम जम्मा गर्ने लक्ष्य लिईएको छ । यो लक्ष्य सम्भव भएसम्म २ वर्षभित्र नभए अधिकतम ५ बर्षभित्र पुरा गर्ने गरी सकृय रुपमा लागि पर्नेछ । स्थापनाको शुरु चरणमा संकलन गरिएका रु. १० लाख रकम संकलन पछि बचत खातामा जम्मा गर्न सकिनेछ । यसरी बचत खातामा प्रत्येक रु. १० लाख रकम संकलन भएपछि मुद्दती निक्षेपमा रुपान्तरण गरिनेछ । बचत खातामा जम्मा गरेको रकमबाट प्राप्त ब्याज आम्दानीलाई समेत समावेश गरी सञ्जालको मुद्दती निक्षेपमा जम्मा गरिनेछ । संकलित रकमको मूलधनबाट कार्यक्रम सञ्चालन तथा अन्य क्रियाकलापमा खर्च गरिने छैन । ब्याज आम्दानीबाट प्राप्त रकमले भ्याएसम्मको कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गरिनेछ ।

## १३. पूँजी कोष अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरु

कोषबाट प्राप्त ब्याज आम्दानीबाट मुख्य रुपमा निजामती सेवा लगायतका अन्य सरकारी सेवाहरुको विभिन्न पदहरुमा प्रवेशका लागि लोकसेवा आयोगले लिने प्रतियोगितात्मक परीक्षाको अभिमुखीकरण र तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन गर्नेछ । यसका अतिरिक्त स्रोत र समयले भ्याइएसम्म तपसिलका कार्यक्रमहरु सञ्चालन गरिनेछः-

- **क.** विद्यालय, विश्वविद्यालय तथा विभिन्न तामाङ संघसंस्थाहरुसंग समन्वय गरी तामाङ युवाहरुलाई निजामती तथा अन्य सरकारी सेवा प्रवेशका लागि सूचना प्रवाह,
- **ख.** तामाङ समुदायमा क्रियाशील विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी निजामती सेवा प्रवेशका सम्बन्धमा (भौतिक र भर्चुअल) अभिमुखीकरण कार्यक्रम,
- **ग.** नेपाल सरकारबाट प्रदान गरिने स्वदेशी विदेशी छात्रवृत्ति सुविधा प्राप्ति सम्बन्धमा सूचना प्रवाह,
- **घ.** तामाङ विद्यार्थीहरुका लागि छात्रवृत्ति कार्यक्रम तथा नि:शुल्क लोक सेवा तयारी कक्षा सञ्चालन,
- **ङ.** सेवामा रहेका तामाङ कर्मचारीहरुलाई शाखा अधिकृत, उपसचिव तथा सहसचिव तयारी कक्षा सञ्चालन सम्बन्धमा गृहकार्य,
- **च.** तामाङ कर्मचारीहरुलाई सेवा सञ्चालन र सेवा प्रवाहमा भएको असहजता निराकरणको लागि नियमित छलफल भेटघाट (भौतिक र भर्चुअल)
- **छ.** प्राविधिक तथा सुरक्षा निकाय (सेना, प्रहरी) को विभिन्न तहहरुको तयारी कक्षा तयारी कक्षा सञ्चालन,
- **ज.** सञ्जालले स्वीकृत गरेका अन्य कार्यक्रमहरु ।

माथि प्रस्तुत कार्यक्रमहरुका अतिरिक्त सञ्जालले सञ्चालन गर्ने तालिम तथा अभिमूखीकरण कार्यक्रमहरुमा सम्बन्धित सेवाबाट सेवा निवृत्त हाम्रो समुदायका अग्रज व्यक्तिहरुको सहयोग लिइनेछ ।

## १४. कार्यक्रम सञ्चालनका लागि जनशक्ति व्यवस्थापन

प्रस्तावित कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक व्यवस्थापकीय कार्यहरुका लागि कार्यसमितिका पदाधिकारीहरुबाट नै गर्ने गराउने तर निकट भविष्यमा आवश्यक कर्मचारी नियुक्त गरी उक्त जनशक्तिबाट आवश्यक व्यवस्थापकीय कार्यहरु गराईनेछ । त्यसैगरी, कक्षा संचालन गर्न आवश्यक विज्ञहरु उपलब्ध भएसम्म यस सञ्जालमा आवद्ध पूर्व/बहालवाला कर्मचारीबाट नभए प्राथमिकताका आधारमा क्रमशः आदिवासि जनजाति र अन्य समुदायबाट समेत विज्ञताको प्रयोग गरिनेछ ।

## १५. पूँजी कोष स्थापना तथा सञ्चालनका लागि अनुमानित लागत

माथि प्रस्तुत "सञ्चालन गरिने कार्यक्रमहरु" खण्डको कार्यक्रमहरु तथा कृयाकलापहरु सञ्चालन एवं व्यवस्थापन गर्न खर्चको आवश्यक पर्दछ । त्यसरी आवश्यक पर्ने लागत अनुमानलाई कार्यक्रमको आधारमा देहाय बमोजिम प्रस्तुत गरिएको छ

**क. आर्थिक स्रोत, लजिस्टिक र विज्ञहरुको पूर्ण रुपमा व्यवस्थापन नभएको हुँदा यस वर्षको लागि**

**<u>अनुमानित खर्चको विवरण</u>**

<table>
<tr><th>खर्च शीर्षक</th><th>अनुमानित लागत गणना</th><th>खर्च रु</th><th>कैफियत</th></tr>
<tr><td>शाखा अधिकृत</td><td>१० जना“२५०००</td><td>२५००००/-</td><td rowspan="4">यस बर्षको लागि तोकिएको प्रकृया अपनाई छनौट गरिएको उम्मेदवारहरुलाई तयारी कक्षाको शुल्क इन्स्टिच्युटलाई भूक्तानी गरी संचालन गरिने ।</td></tr>
<tr><td>ना.सु. र खरिदार</td><td>१० जना “२००००</td><td>२०००००/-</td></tr>
<tr><td>नियमित छलफल तथा अन्तरक्रिया</td><td>२ पटक</td><td>५००००/-</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>५०००००/-</td></tr>
</table>

**ख. आर्थिक स्रोत, लजिस्टिक र विज्ञहरुको पूर्ण रुपमा व्यवस्थापन भएपछि आगामि वर्ष देखि**

**<u>अनुमानित खर्चको विवरण</u>**

| **खर्च शीर्षक** | **विषय** | **<u>समय</u>** | **प्रति दिन लागत** | **जम्मा लागत** | **कैफियत** |
|---|---|---|---|---|---|
| अधिकृतस्तरको | प्रथम चरण | ३५ दिन | ५०००।- प्रतिदिन | ५०००००।- | विज्ञको लागि प्रतिदिन कम्तिमा २ घण्टा |
| | दोस्रो चरण | ६५ दिन | | | |
| | अन्तिम चरण | १० दिन | ३५००।- प्रति उम्मेदवार | १७५०००।- | करिव ५० जना लिखितमा उत्तीर्ण हुने अनुमान |
| ना.सु./खरिदार | प्रथम चरण | २५ दिन | ४०००।- प्रतिदिन | ३६००००।- | विज्ञको लागि प्रतिदिन कम्तिमा २ घण्टा |
| | दोस्रो चरण | ६५ दिन | | | |
| | अन्तिम चरण | १० दिन | २५००।- प्रति उम्मेदवार | २५००००।- | करिव १०० जना लिखितमा उत्तीर्ण हुने अनुमान |
| विशेष कक्षा | लेखनसीप/अनुभव प्रदान/असल अभ्यासको जानकारी | ३/५/७ दिन | | १०००००।- | एकमुष्ठ अनुमानित |
| **कुल जम्मा लागत रु** | | | | **१३८५०००।-** | |

# निजामती सेवा प्रवेशका लागि पछिल्लो ५ वर्षको जातीय आधारमा दरखास्त दिएको विवरण:

| जातजाति | ७३/७४ | | ७४/७५ | | ७५/७६ | | ७६/७७ | | ७७/७८ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| ब्राह्मण | २१०१६४ | २४.८९ | १५०३३४ | २६.४७ | ३९८६० | २७.७१ | १२६४३० | २८.०० | १३५५४८ | २५.४१ |
| क्षेत्री | १६९९७१ | २०.१३ | ९८६३१ | १७.३७ | १९३८० | १३.४७ | ८०९९० | १७.९४ | १००५३१ | १८.८४ |
| थारु | ६४१४७ | ७.६० | ३९९१२ | ७.०३ | १०००९ | ६.९६ | १८७४४ | ६.६१ | ३४५७२ | ६.४८ |
| मगर | ५४९२९ | ६.५१ | ३५५२२ | ६.२६ | ७९६१ | ५.५३ | २६६३७ | ५.९० | ३२८८० | ६.१६ |
| यादव | ४९२०२ | ५.८३ | ३४९६६ | ६.१६ | ९३०३ | ६.४७ | २५८९९ | ५.७४ | ३११२३ | ५.८३ |
| राई | ३०३३१ | ३.५९ | २३३०७ | ४.१० | ४८५५ | ३.३८ | १४५४२ | ३.२२ | १९४५८ | ३.६५ |
| नेवार | २५७८९ | ३.०५ | १७४२७ | ३.०७ | ३९८३ | २.७७ | १४५३२ | ३.२२ | १७३७४ | ३.२६ |
| **तामाङ** | **१७९७७** | **२.१३** | **११७८५** | **२.०८** | **२९५८** | **२.०६** | **८७८२** | **१.९४** | **१२१८१** | **२.२८** |
| | **१० औं** | | **१० औं** | | **१० औं** | | **९ औं** | | **८ औं** | |
| तेली | १९३१४ | २.२९ | १४१६४ | २.४९ | ३४७१ | २.४१ | १०२३६ | २.२७ | १२१५६ | २.२८ |

## निजामति सेवा प्रवेशका लागि पछिल्लो ५ वर्षको जातीय आधारमा सिफारिस भएको विवरण:

| जातजाति | ७३/७४ | | ७४/७५ | | ७५/७६ | | ७६/७७ | | ७७/७८ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| ब्राह्मण | २८२९ | २९.५८ | २५७७ | ३३.३९ | १५९५ | ३४.८७ | १३७ | ४५.०७ | ९३ | ६७.४० |
| क्षेत्री | १७८६ | १८.६७ | १५४४ | २०.०१ | ८९८ | १९.६३ | ३९ | १२.८३ | १२ | ८.७० |
| थारु | ४७४ | ४.९६ | ४०३ | ५.२२ | १७९ | ३.९१ | १४ | ४.६१ | २ | १.४५ |
| मगर | ५२० | ५.४४ | ४२३ | ५.४८ | २३० | ५.०३ | १४ | ४.६१ | ४ | २.९० |
| यादव | ४८३ | ५.०५ | ४०२ | ५.२१ | २३९ | ५.२३ | ७ | २.३० | २ | १.४५ |
| राई | २२४ | २.३४ | २२३ | २.८९ | ८५ | १.८६ | २ | ०.६६ | १ | ०.७२ |
| नेवार | ४५६ | ४.७४ | २९५ | ३.८२ | १७८ | ३.८९ | १७ | ५.५९ | ११ | ७.९७ |
| **तामाङ** | **१९७** | **२.०६** | **१३१** | **१.७०** | **६२** | **१.३६** | **३** | **०.९९** | **३** | **२.१७** |
| | **११ औं** | | **११ औं** | | **१२ औं** | | **१५ औं** | | **६ औं** | |
| तेली | २५० | २.६१ | १६५ | २.१४ | ९१ | १.९९ | ५ | १.६४ | - | - |

**आदिवासी/जनजातितर्फ पछिल्लो ५ वर्षको जातीय आधारमा सिफारिस भएको विवरणः**

| जातजाति | जनसंख्या % | ७३/७४ | ७४/७५ | ७५/७६ | ७६/७७ | ७७/७८ |
|---|---|---|---|---|---|---|
| मगर | ७.१ | ५२० | ४६० | २३० | १४ | ४ |
| थारु | ७.६ | ४७४ | ४०३ | १७४ | १४ | २ |
| **तामाङ** | **५.८** | **१९६** | **१३१** | **६२** | **३** | **३** |
| नेवार | ५ | ४५६ | २९५ | १८३ | १७ | ११ |
| राई | २.३ | २२४ | २२३ | ८८ | २ | १ |
| गुरुङ | १.९७ | १०६ | ६५ | १५ | २ | १ |
| लिम्बु | १.४ | ७३ | ५८ | ४३ | ४ | - |

- राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्याको मगर तेश्रो, थारु चौथो, तामाङ पाँचौं, नेवार छैटौं, राई दशौं र गुरुङ एघारौं स्थानमा रहेको देखिन्छ । समग्र जातीय समुदायको हिसाबले मात्र नभई आदिवासी/जनजाति समुदायमा समेत हामी तामाङहरुको निजामती सेवामा उपस्थिति एकदमै कमजोर रहेको तथ्याङ्कले देखाउँछ ।

## १६. पूँजी कोषको अपेक्षित उपलब्धि

**क.** विद्यालय, विश्वविद्यालय तथा विभिन्न तामाङ संघसंस्थाहरुसँग समन्वय भई तामाङ युवाहरुलाई निजामती तथा अन्य सरकारी सेवा प्रवेशका लागि सूचना प्रवाह भएको हुनेछ,

**ख.** तामाङ समुदायमा क्रियाशील विभिन्न संघसंस्थाहरुसँग समन्वय भई निजामती सेवा प्रवेशका सम्बन्धमा (भौतिक र भर्चुअल) अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन भएको हुनेछ,

**ग.** नेपाल सरकारबाट प्रदान गरिने स्वदेशी विदेशी छात्रवृत्ति सुविधा प्राप्ति सम्बन्धमा सूचना प्रवाह भएको हुनेछ,

**घ.** तामाङ विद्यार्थीहरुका लागि छात्रवृत्ति कार्यक्रम तथा निःशुल्क लोक सेवा तयारी कक्षा सञ्चालन भएको हुनेछ,

**ङ.** सेवामा रहेका तामाङ कर्मचारीहरुलाई शाखा अधिकृत, उपसचिव तथा सहसचिव तयारी कक्षा सञ्चालन भएको हुनेछ,

**च.** सेवामा रहेका उच्च तहबाट समय समयमा समसामयिक विषयमा भर्चुअल वा भौतिक विधिबाट तामाङ कर्मचारीहरुलाई असल अभ्यास र अनुभवहरुको आदान प्रदान भएको हुनेछ,

**छ.** प्रशासनिक क्षमता विकासका लागि समग्र समुदायमा नवीनतम सूचना तथा जानकारीहरुको सम्प्रेषण भएको हुनेछ,

**ज.** प्राविधिक तथा सुरक्षा निकाय (सेना, प्रहरी) को विभिन्न तहहरुको तयारी कक्षा तयारी कक्षा सञ्चालन भएको हुनेछ ।

## १७. पूँजी कोषको सुरक्षा

कुनै पनि तरिकाले सञ्जालको पूँजी कोषको मूल पूँजीधन मास्न पाइने छैन । यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ । कोषको रकम हिनामिना, दुरुपयोग तथा वान विपरित खर्च गर्ने कार्यमा संलग्न पदाधिकारी वा अन्य व्यक्तिलाई सांगठनिक कारबाही गरी निजबाट ब्याजसहित एकमुष्ठ असूल उपर गरिनेछ । कुनै कारणले सञ्जालको विघठन भएमा वा अस्तित्वमा नरहेमा यस पूँजी कोषको स्वामित्व विधान बमोजिम हस्तान्तरण हुनेछ ।

## १८. सम्भावित स्रोत

कर्मचारी सञ्जालले मुख्यतः नियमित रुपमा लोकसेवा आयोग तयारी कक्षा र अन्य यस्तै प्रकारको सेवा प्रवेशका लागि तयारी कक्षाको सञ्चालनलाई मुख्य प्राथमिकतामा राखेको छ । हाम्रो सञ्जालको पूँजी

कोषको स्थापना तथा सञ्चालनका लागि तपसिलबमोजिमका योगदानकर्ता/सहयोगदाता व्यक्ति तथा संस्थाहरुको पहिचान गरिएका छन् ।

**क. तामाङ कर्मचारी सञ्जालको कार्यसमितिको निर्णय अनुसार तपसिल अनुसार तामाङ कर्मचारीहरुबाट सहयोग संकलन गरिनेः**

- राजपत्र अनंकित कर्मचारी वा सोसरहः न्यूनतम रु. ३,०००।-
- शाखा अधिकृत वा सो सरहः न्यूनतम रु. ५,०००।-
- उपसचिव वा सोसरहः न्यूनतम रु. १०,०००।-
- सहसचिव वा सो सरहः न्यूनतम रु. २०,०००।-
- विशिष्ट श्रेणीः न्यूनतम रु. २५,०००।-

**ख. तामाङ समुदाय सम्बद्ध संस्थाहरुः**

- नेपाल तामाङ घेदुङ, भाषिक तथा भातृ संस्थाहरु र मातहतका संरचनाहरु
- नेपाल राष्ट्रिय तामाङ घेदुङ र अन्तर्गतका संरचनाहरु
- अन्तर्राष्ट्रिय तामाङ परिषद्
- नेपाल तामाङ पत्रकार संघ
- नेपाल तामाङ चिकित्सक संघ
- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तामाङ संघ/संस्था तथा समाज

**ग. विभिन्न निजी शैक्षिक संस्थाहरु,**

**घ. बैंक तथा वित्तीय संस्थाहरु र सहकारी संस्थाहरु**

**ङ. सरकारी स्रोतबाट तलव, भत्ता तथा पारिश्रमिक लगायतका सेवा सुविधा लिने व्यक्तिहरु**

**च. विभिन्न उद्योगी, व्यवसायी, व्यापारीहरु तथा तामाङ समुदायका शुभचिन्तक, सहयोगी अग्रज एवं अभिभावकहरु**